annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२६, पृष्ठ १० | काठमाडौं, बुधबार ९ पुस २०८२ | पौष शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | WEDNESDAY, DECEMBER 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# के पाक्दैछ राजनीतिमा ?


## प्रधानमन्त्री र तीन दलका शीर्ष नेताबीच छलफल

राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा मंगलबार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की र तीन दलका शीर्ष नेताबीच शीतलनिवासमा साढे दुई घण्टा छलफल भयो । कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली तथा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल र प्रधानमन्त्री कार्कीबीच संवादहीनताको अन्त्य भयो । कांग्रेस र एमाले प्रतिनिधिसभा पुनर्स्थापना र सरकारले फागुन २१ को निर्वाचनमा जोड दिइरहेका बेला भएको यो छलफल अर्थपूर्ण मानिएको छ । मुलुक प्रतिनिधिसभा पुनर्स्थापना कि चुनाव भन्ने प्रश्नमा अल्झिएको छ ।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

**– को रिपोर्ट**




## अमेरिकाले नेपालसहित ३० देशका राजदूतलाई फिर्ता बोलायो



**वासिङ्टन डिसी** (एजेन्सी) : अमेरिकाले नेपालसहित ३० देशका राजदूतलाई फिर्ता बोलाएको छ। अमेरिकी विदेश मन्त्रालयले नेपालसहित ३० देशका दूतावासबाट राजदूत र वरिष्ठ पदका कर्मचारीलाई फिर्ता बोलाएको हो।

जसमा नेपालसहित अल्जेरिया, बुरुन्डी, क्यामरुन, केप भर्डे, गाबोन, कोट डी' आइवर, इजिप्ट, माडागास्कर, मौरिसस, नाइजर, नाइजेरिया, रुवान्डा, सेनेगल, सोमालिया, युगान्डा, फिजी, लाओस, मार्शल टापुहरू, पपुवा न्युगिनी, फिलिपिन्स, भियतनाम, आर्मेनिया, उत्तरी म्यासेडोनिया, मोन्टेनेग्रो र स्लोभाकिया, ग्वाटेमाला र सुरिनाम छन्।

यस निर्णयले सबैभन्दा बढी अफ्रिका महादेशका देशहरू प्रभावित भएका छन्। अफ्रिकाका १५ देशका राजदूतलाई फिर्ता बोलाइएको छ। ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिलाई पूर्ण समर्थन गर्ने व्यक्तिहरूलाई मात्र अग्रपंक्तिमा राख्ने उद्देश्यले यस्तो कदम चालिएको बताइएको छ।

आन्तरिक कर्मचारी सरुवाको बारेमा नाम उल्लेख नगर्ने सर्तमा बोलेका दुई विदेश विभागका अधिकारीहरूका अनुसार गत साता नै २९ देशका राजदूतलाई जनवरीमा कार्यकाल समाप्त हुने जानकारी गराइएको थियो।

पूर्वराष्ट्रपति जो बाइडेन कार्यकालमा नियुक्त गरिएका राजदूतलाई ट्रम्प प्रशासनले आफ्नो कार्यकालको एक वर्षपछि फिर्ता बोलाएको हो। अरू राजनीतिक नियुक्तिहरू पनि खारेज गर्न सक्ने सम्भावना रहेको जनाइएको छ।

# मिटरब्याज पीडित फेरि राजधानी केन्द्रित आन्दोलनमा

**राजकरण महतो** | *काठमाडौं*

मिटरब्याज तथा लघुवित्त पीडितहरू फेरि राजधानी केन्द्रित आन्दोलनमा होमिएका छन्। देशैभरका जिल्ला प्रशासन कार्यालयमा दिइएका उजुरीमाथि कारबाही नभएको भन्दै पीडितहरू देहातबाट सरकार गुहार्न काठमाडौं आइपुगेका छन्। पीडितहरूले मुख्यसचिव सुमनराज अर्यालमार्फत प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र पनि बुझाइसकेका छन्।

त्यसअघि मिटरब्याज, लघुवित्त तथा वित्तीय शोषण र भूमि असमानताविरुद्ध सडकमा प्रदर्शन गरेका थिए। बल्खु–त्रिपुरेश्वर-सहिद-शान्तिबाटिकासम्म प्रदर्शन र्‍याली निकालेका थिए। पीडितहरूले शान्तिबाटिकामा कोणसभा गर्दै सरकारसँग न्याय मागेका थिए।



**मिटरब्याज तथा लघुवित्त पीडितहरू पैदल मार्चपछि शान्तिबाटिकामा कोणसभा गर्दै ।** ● अन्नपूर्ण

### यस्ता छन् पीडितका माग

मिटरब्याज तथा लघुवित्त पीडितहरूले आफ्ना मागहरू सम्बोधन गर्न चेतावनी र आग्रहपूर्ण दुवै शैलीमा सरकारलाई ध्यानाकर्षण गराएका छन्। मिटरब्याजको संरचनागत शोषणको अन्त्य गर्नुपर्ने, वास्तविक पीडितको पुनर्स्थापना गर्नुपर्ने, दोषी साहु-महाजनमाथि कडा कारबाही र वैकल्पिक न्यायपूर्ण आर्थिक प्रणालीको सुरुवात गर्नुपर्नेलगायतका माग राख्दै ज्ञापनपत्र बुझाइएको मिटरब्याजविरुद्ध किसान-मजदुर संघर्ष समितिका अध्यक्ष अवधेश कुशवाहाले बताए।

उनका अनुसार फर्जी लिखत खारेज गर्नुपर्ने, मिटरब्याजविरुद्ध शक्तिशाली आयोग तथा न्यायाधीकरण गठन गर्नुपर्ने, सुदखोरको सम्पत्ति छानबिन गर्नुपर्ने, साहुखोरले कब्जा गरेका सम्पत्ति पीडितलाई फिर्ता गर्नुपर्ने माग राखिएका छन्।

### पीडितहरूको बन्यो मोर्चा

पीडितहरूले मोर्चा बनाएर बढ्दो चिसोको प्रवाह नगरी देहातबाट काठमाडौं आइपुगेका हुन्। 'अब आन्दोलन होइन न्याय चाहियो' भन्दै सरकारलाई गुहारेका छन्। तराई-मधेसबाट उठेको मिटरब्याजविरुद्धको संघर्ष राष्ट्रिय आन्दोलनमा परिणत हुँदै लाखौं पीडित राजधानीमा पटक-पटक आएर न्यायका लागि आन्दोलन गर्दै आएका छन्।

यसअघि पीडितका विभिन्न संगठनले अलग–अलग आन्दोलन गर्दै आएका थिए। तर, सरकारले त्यसलाई गम्भीर रूपमा नलिएपछि पीडितहरूका संगठनहरूको मोर्चा बन्दी बनाउँदै राजधानीको सडक तताउन थालेका छन्। भूमि अधिकार आन्दोलन नेपाल, लघुवित्त तथा वित्तीय शोषण विरुद्धको संघर्ष समिति र नेपाल मिटरब्याजविरुद्ध किसान मजदुर संघर्ष समिति संयुक्त रूपमा आन्दोलन चर्काइएको हो।

मिटरब्याजविरुद्ध किसान-मजदुर संघर्ष समितिका प्रवक्ता निरजराज जैसीले शोषकविरुद्धको लडाइँले सफलता भए मात्रै पीडित किसान र मजदुरले न्याय पाउने बताए। उनले भने, 'पीडितहरूको पीडा झुपडीदेखि सिंहदरबारसम्म पुर्‍याउनुपर्छ। जनअधिकार प्राप्तिका लागि समान उद्देश्य भएका संघर्ष समितिहरूको एकीकृत मोर्चाबन्दी गरेर आन्दोलन सुरु गर्न जरुरी भयो।'

» बाँकी पृष्ठ ६

## कोरियाले ८० हजार कामदार मात्र लिने



**काठमाडौं** (अन्नपूर्ण) : दक्षिण कोरियाले सन् २०२६ मा ईपीएसमार्फत कामदार भित्र्याउनका लागि कोटा निर्धारण गरेको छ। नयाँ कोटाअनुसार सन् २०२६ मा ८० हजार कामदार मात्र कोरिया जान पाउने छन्। यो सन् २०२५ को तुलनामा ३८.४६ प्रतिशत कम हो।

सन् २०२५ का लागि कुल १ लाख ३० हजार कोटा निर्धारण गरिएको भए पनि गत नोभेम्बरको अन्त्यसम्म जम्मा ४८ हजार ६ सय ६८ जनालाई मात्र रोजगार अनुमति पत्र जारी गरिएको सरकारी तथ्यांक छ। यो संख्या कुल कोटाको ३७.४३ प्रतिशत मात्र हो।

जसमा उत्पादनमूलक क्षेत्रमा ५० हजार, कृषि तथा पशुपालनमा १० हजार, निर्माण उद्योगमा २ हजार, माछा मार्ने उद्योगमा ७ हजार, सेवा क्षेत्रमा १ हजार र लचिलो १० हजार कोटा तोकिएको छ। सन् २०२३ देखि २०२५ सम्म अस्थायी रूपमा सञ्चालनमा रहेको पानीजहाज निर्माण क्षेत्रको कोटा सन् २०२५ को अन्त्यबाट समाप्त हुनेछ। सन् २०२६ बाट पानीजहाज निर्माण क्षेत्रतर्फ कामदार चाहिएमा उत्पादनमूलक क्षेत्रबाटै छनौट गरिनेछ।

# समुद्रमा डुबुल्की मार्दै, आर्थिक उचाइ चुम्दै सुन्दरीहरू

**जे पाण्डे** | *सिड्नी, अस्ट्रेलिया*

*'गहिराइमा डुब्दै नडुब,*
*डुबिसकेको छौं भने मोती नटिपी नफर्क।*
*पन्छिएर होइन, गहिरिएर जाऊँ*
*जीवनलाई बुझ्ने रहर छ भने।'*

नेपाली कलाक्षेत्रका प्रख्यात कलाकार नीरविक्रम शाहका यी पंक्तिले जीवनमा जोखिम, धैर्य र निरन्तरताको अर्थ स्मरण गराउँछन्। तर, यी शब्दको अभ्यास सबैले एउटै ढंगले गरेका छन् कि छैनन् ? यो खोजको विषय हो।

अस्ट्रेलियाको कला र मनोरञ्जन क्षेत्रमा सक्रिय ३० वर्षीया ट्याम्मी हेम्ब्रोको कथा भने अलि फरक छ। उनले समुद्रको गहिराइमा डुब्नु त परेन, तर डुबुल्की नै उनका लागि सफलताको मोती सावित भयो। समुद्री तटमा हातले बुनेको बिकिनी लगाएर खिचिएको एउटा तस्बिर ट्याम्मीका लागि गहिराइमा पुगेर मोती टिपेभन्दा पनि बढी लाभदायी बन्यो। डुबुल्की मारेर बाहिरिएको क्षणका तस्बिर इन्स्टाग्राममा पोस्ट गरेसँगै क्षणभरमै भाइरल भए। लाखौं लाइक र हजारौं कमेन्टसहित।

अक्टोबर २०२४ मा सेयर गरिएको उक्त रंगीन तस्बिर अस्ट्रेलियामा सबैभन्दा धेरै मन पराइने तस्बिरमध्ये एक बन्यो। दोस्रो स्थानमा पनि उनकै अर्को तस्बिर छ, जहाँ उनी आफ्ना बच्चासँगै नीलो तटमा काँधमा डोरी नभएको बिकिनीमा देखिएकी छन्। अन्ततः यिनै तस्बिरहरूले उनलाई व्यावसायिक उचाइ दिलाए। आज ट्याम्मी हेम्ब्रो करिब ४५० मिलियन डलर सम्पत्तिकी मालिक मानिन्छिन्। यो उचाइ सामाजिक सञ्जालको प्रभाव, व्यावसायिक चतुरता र ग्ल्यामरस ब्रान्ड निर्माणबाट सम्भव भएको हो। जसमा समुद्री तटका तस्बिरहरूले ठूलो भूमिका खेलेका छन्।









ट्याम्मी हेम्ब्रो अस्ट्रेलियाकी चर्चित फिटनेस इन्फ्लुएन्सर, उद्यमी र सोशल मिडिया पर्सनालिटी हुन्। इन्स्टाग्राम, टिकटक र युट्युबमार्फत उनले विश्वव्यापी फ्लोअर बनाएकी छन्। उनका तटका बिकिनी फोटो, फिटनेस रुटिन र पारिवारिक क्षणहरूले लाखौं लाइक र कमेन्ट पाउँछन्।

उनी 'टम्मी फिट' नामक फिटनेस एपकी संस्थापक पनि हुन्,। जसले लाखौं मानिसलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गरेको छ। समुद्रमा खिचिएका ग्ल्यामरस फोटो र तिनको लोकप्रियताका कारण उनी अस्ट्रेलियाकै प्रभावशाली इन्स्टाग्राम मोडलहरूको सूचीमा पर्दै आएकी छन्। ग्ल्यामरस लुक, फिट शरीर र पारिवारिक जीवनलाई एकसाथ प्रस्तुत गर्ने उनको शैलीले लाखौं अनुयायीको मन जितेकी छन्।

इन्स्टाग्राममा मात्रै १ करोड ७० लाखभन्दा बढी फलोअर्सको पहुँच बनाइसकेकी ट्याम्मी हेम्ब्रोले वैवाहिक सम्बन्ध अन्त्य भएको सार्वजनिक गरिसकेकी छन्। व्यक्तिगत जीवन परिवर्तनका बाबजुद उनी पेसागत रूपमा झन् मजबुत बनेकी छन्। हाल उनी अस्ट्रेलियाको गोल्ड कोस्टस्थित लक्जरी वाटरफ्रन्टमा बसोबास गर्दै आएकी छन्।

ट्याम्मीको आम्दानी सौन्दर्य वा ग्ल्यामरस उपस्थितिमा मात्र सीमित छैन। व्यवसाय र उद्यमितामा पनि उनी सक्रिय छिन्। 'टम्मी फिट' एप, सब्सक्रिप्सन मोडल, डिजिटल कोर्स तथा सामग्रीबाट नियमित आम्दानी भइरहेको छ। अन्तर्राष्ट्रिय ब्रान्ड डिल, ग्लोबल फिट्नेस तथा लाइफस्टाइल ब्रान्डसँगको साझेदारी, विभिन्न इभेन्ट र क्याम्पेनमार्फत पनि उनले उच्च आय आर्जन गर्दै आएकी छन्।

» बाँकी पृष्ठ ६